# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | OCTOBER 2023 | No. 10


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**



**परमप्रभुको प्रशंसा**

**हितोपदेश २४:१-१०**

१. दुष्ट मानिसहरूको डाह नगर, तिनीहरूसँग सङ्गत गर्न इच्छा नगर,

२. किनभने तिनीहरूको हृदयले उपद्रव रच्दछ र तिनीहरूका ओठले झमेला ल्याउने कुरा गर्दछ ।

३. बुद्धिले घर बनाइन्छ र सुझबुझले त्यो स्थापित हुन्छ,

४. ज्ञानद्वारा यसका कोठाहरू अति उत्कृष्ट र सुन्दर थोकहरूले भरिभराउ हुन्छन् ।

५. बुद्धिमान मानिसको शक्ति महान् हुन्छ र ज्ञानी मानिसको सामर्थ्य बढ्छ ।

६. युद्ध गर्नका निम्ति तँलाई अगुवाइ चाहिन्छ, विजय पाउनलाई धेरै सल्लाहकार चाहिन्छ ।

७. मूर्खको निम्ति बुद्धि साह्रै उच्च हुन्छ, ढोकामा जम्मा भएको समुदायको अगि बताउने कुरा त्यससँग हुँदैन ।

८. खराबी जसले रच्दछ, त्यो षड्यन्त्रकारीको नाउँले चिनिनेछ ।

९. मूर्खताका षड्यन्त्रहरू पाप हुन् र मानिसहरू अर्काको खिल्ली उडाउनेलाई घिनाउँछन् ।

१०. सङ्कष्टको दिनमा लरखराइस् भने तेरो बल कति कम रहेछ !

## तपाईं अचम्मका कार्यहरू पूरा गर्न ईश्वरीय रूपमा बोलाइनुभएको छ

You are divinely summoned to accomplish extra-ordinary deeds!

पा. एन्जलीन सेल्भाकुमारी



अनुग्रह पर्याप्त छ भनेर म निश्चित छु।

परमेश्वरले हामीलाई सामान्य जीवनको निम्ति बोलाउनुभएको वा बनाउनुभएको छैन भनेर दानिएल ११:३२ ले हामीलाई सम्झना दिलाउँछ ।

**"तर आत्मिक रूपमा परिपक्व भएका र आफ्नो परमेश्वरलाई चिन्ने मानिसहरूले बल देखाउनेछन् र अघि बढ्नेछन् (विरोध गर्नेछन्)"** (दानिएल ११:३२) ।

उहाँले आफ्ना मानिसहरू आत्मिक रूपमा परिपक्क भएका, अघि बढेर आफ्नो बल (विश्वास) प्रदर्शन गरेको चाहनुहुन्छ- कुनै पनि चुनौतीपूर्ण अवस्थालाई सामना गर्न वा निडरताका साथ सामना गर्न ।

सामान्य तरिकाहरूबाट असामान्य विश्वास प्राप्त गर्न सम्भव छैन भनेर येशूलाई थाहा थियो र त्यसकारण, उहाँले हामीलाई पवित्र आत्मा प्रतिज्ञा गर्नुभएको छ, जसले हाम्रो बल (विश्वास) प्रदर्शन गर्न हामीलाई सुसज्जित गर्नुहुनेछ ।

बाँकी पृष्ठ ४ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।


**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

# बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



## तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**CHIEF EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**

Bro. N. Prakasam, M.A., General Manager
Dr. Rabinder Boaz, M.S.
Bro. K. Puratchivendan

**EDITORIAL BOARD**

Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran

**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


**"परमेश्वरले एउटा कुरो बोल्नुभएको छ, मैले दुई कुरा सुनेको छु कि हे परमेश्वर, तपाईं बलिया हुनुहुन्छ"** (भजनसंग्रह ६२:११) ।

प्रभुमा प्रियहरू !

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ।

हामी जानकारी दिन दु:खी छौं कि हाम्रो **बोलावटको प्रतिध्वनि** अंग्रेजीका सहसम्पादक एम.ए., पिएच.डी धारक प्रिय भाइ डा. ए. रिचार्ड शमूएल २० अगस्त २०२३ मा महिमामा प्रवेश गर्नुभएको छ । उहाँ स्वस्थ हुनुहुन्थेन । आफ्ना लेखहरू, प्रचारहरू र परामर्शहरूबाट उहाँले लामो समयदेखि हामीसँग सेवकाइ गरिररहनुभएको थियो । कृपया, यो कठिन घडीमा उहाँको पत्नी, छोराछोरी र नातिनातिनीहरूका निम्ति प्रार्थना गरिदिनुहोस् ।



Dr. A. Richard Samuel

**वचन प्रचार गर ! समय र बेसमयमा तत्पर बस,** २ तिमोथी ४:२ अनुसार हामी विभिन्न तरिकामा परमेश्वरको वचन प्रचार गर्न हामी संघर्ष गर्दछौं:

- बहुसंख्यक भाषाहरूमा मण्डलीका सेवाहरू संचालन गर्न
- १६ वटा भाषाहरूमा हाम्रो **बोलावटको प्रतिध्वनि** समाचारपत्र प्रकाशन गर्न
- तीन वटा भाषाहरूमा पत्राचार बाइबल कोर्सहरू **(बाइबलकोर)** प्रदान गर्न: तामिल, अंग्रेजी र हिन्दी
- तामिल र अंग्रेजी भाषामा दूरशिक्षाबाट **ईश्वरशास्त्रीय पत्राचार कोर्सहरू** प्रदान गर्न
- तीन वटा बाइबल कलेजहरू संचालन गर्न: **नहेम्याह बाइबल कलेज** (आवासीय र साँझ) हिन्दी र तामिल भाषामा
- **सेन्ट मेट्रिकुलेसन स्कुल** (गाउँको हाई स्कुल), जहाँ विषयहरू अंग्रेजीमा पढाइन्छ
- उच्च गतिमा १६ वटा भाषाहरूमा छाप्न सक्ने क्षमता भएको आधुनिक अफसेट छापाखाना संचालन गर्न
- गरिबहरूका निम्ति सामाजिक उत्थानका कार्यक्रमहरू संचालन गर्न
- विभिन्न भाषाहरूमा क्रुसेडहरू आयोजना गर्न
- यूट्युब च्यानल Echo of His Call कायम राख्न, जहाँ तामिल, अंग्रेजी, तेलगू र हिन्दी भाषामा येशू ख्रीष्टको प्रेमिलो सुसमाचार प्रचार हुन्छ ।

हामीले सकारात्मक परिणामहरू प्राप्त गरेका छौं र परमेश्वरको अनुग्रहको निम्ति हामी सर्वशक्तिमान परमेश्वरलाई महिमा दिन्छौं । हाम्रो सेवकाइमा सहायता गर्ने सबैप्रति हाम्रो कृतज्ञता पनि प्रकट गर्दछौं ।

### यूट्यूब सेवकाइको वृद्धि !

विगतमा, इन्टरनेट, मोवाइल फोनहरू र यूट्यूबजस्ता हामीले आधुनिक प्रविधिका आविष्कारहरू प्रयोग गर्नुहुँदैन भन्ने विश्वास आत्मिक संसारमा थियो । हामीले पनि त्यस्तै धारणा राख्छौं । तापनि, हालका समयमा सामान्य मानिसहरूले पत्रिकाहरू, रेडियो र पुस्तकहरूजस्ता परम्परागत समाचारहरूमा आफ्नो निर्भरता कम गरेका छन् । तिनीहरूले भौतिक रूपमा अत्यन्तै कम आत्मिक बैठकहरूमा भाग पनि लिन्छन् तर केहीले अनलाइन आत्मिक सेवाहरूमा सहभागी हुन्छन् ।

## मोवाइल वा सेल फोनहरू

बच्चादेखि वयस्कहरू र वृद्धहरूसम्म, तिनीहरूका आर्थिक अवस्था जस्तोसुकै भए पनि सबै प्रकारका उमेरका मानिसहरूसँग अहिले एक वा सोभन्दा धेरै मोवाइल फोनहरू छन् । हरेक मोवाइलमा प्रायः धेरै सिम कार्डहरू हुन्छन् । संसारभरि प्रयोगमा आउने यस्ता मोवाइल यन्त्रहरू करोडौं छन् ।

निरन्तर रूपमा हजारौं मानिसहरूकहाँ पुग्न हामीले यी मोवाइल फोनहरू प्रयोग गर्छौं, जसलाई आत्मिक व्यक्तिहरूले पहिले मन पराएका थिएनन् । यसको प्रयोगको साथमा नकारात्मक परिणामहरू भए पनि सुसमाचारको सन्देशको साथमा आधुनिक जनसंख्यासम्म पुग्न हामीले सेल फोनहरू प्रयोग गर्छौं ।

जब मानिसहरूले संसारभरिका समाचारहरू र विभिन्न मनोरञ्जनका कार्यक्रमहरू हेर्न र सुन्न सेल फोनहरू प्रयोग गर्छन्, तब तिनीहरूसँग सुसमाचारका सन्देशहरू सुन्ने अवसर पनि हुन्छ । सुरुका दिनहरूमा हामीले टेलिभिजनमा १५ मिनेटको लागि प्रभुको सन्दश प्रचार गर्ने गर्थ्यौं, चलचित्र, नाटकहरू र संसारको समाचारको प्रसारणको समयमा पनि । यी प्रयासहरूबाट हामीले सकारात्मक परिणामहरू प्राप्त गरेका थियौं र परिणामस्वरूप, धेरै पूर्णकालीन खीष्टियान आत्मिक च्यानलहरूको उदय भएको थियो । यो विकासबाट हामीले फाइदा प्राप्त गरेका थियौं भन्ने कुरालाई अस्वीकार गर्न सकिँदैन ।

सेल फोनहरू खतरनाक साधन हुन सक्ने भए पनि येशू खीष्टको शक्तिलाई बाँडेर अनन्त विनाशतिर गइरहेका र आत्महत्याको निम्ति निर्णय गरेका मानिसहरूलाई बचाउने मनसायको साथमा हामीले हाम्रो **Echo of His Call** यूट्यूब च्यानल बनाएका छौं । यस संसारका मानिसहरूलाई बचाउने उद्देश्यको साथमा हामीले हरेक बिहान ५ बजे तेलगू, अंग्रेजी, हिन्दी र तामिल भाषामा छोटो सन्देश प्रसारण गर्छौं । करोडौं मानिसहरूले सांसारिक थोकहरूमा अल्झिन आफ्ना मोवाइल फोनहरू प्रयोग गर्नमा व्यस्त छन् भन्ने तथ्यका बावजूद पनि सोही यन्त्र खीष्टबिना जिइरहेको जीवनको परिणामबाट तिनीहरूलाई बचाउन प्रयोग गर्न सकिन्छ । त्यसकारण, यो प्रविधिबाट यी मानिसहरूलाई हामीले सेवा पनि गर्छौं र संसारभरि जीवनबाट हारिसकेका व्यक्तिहरूले यसबाट लाभ पाउँछन्, हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको प्रेमिलो वास्तामा शान्ति पाउँछन् ।

### हामीले यहाँ केही गवाहीहरू प्रकाशन गरेका छौं:

***"मैले आत्मिक रूपमा थकित र कमजोर महसुस गरेको थिएँ । तपाईंको सन्देशले मलाई सान्त्वना दिएको छ र मलाई उचालेको छ ।"***

***"जीवनमा भएका विभिन्न विपत्तिहरूका कारण मैले अब जिउने चाहना गरेको थिइनँ । तपाईंको यूट्युब च्यानलमा तपाईंको प्रार्थनाले मलाई जिउने चाहना वृद्धि गरेको छ ।"***

***"म बिरामी र ओछ्यानमा परेको थिएँ । तपाईंको यूट्यूब च्यानलमा तपाईंले बाँड्नुभएको गवाहीहरूले मलाई चङ्गाइ ल्याएको छ ।"***

***"परिवारको रूपमा हामीले तपाईंको सन्देशहरू सुन्छौं र तपाईंको प्रार्थनामा सहभागी हुन्छौं । हाम्रो परिवारभित्र हामीले संगति र चङ्गाइको अनुभव गर्छौं ।"***

***"म रिटायर्ड भएको परमेश्वरको सेवक हुँ । तपाईंको यूट्यूब च्यानलले मलाई धेरै काम दिएको छ । तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा भएका तपाईंका सबै सन्देशहरू म हेर्छु र त्यसपछि म संलग्न भएका सबै समूहहरूमा ती सबैलाई पठाउँछु । यही नै मेरो पूर्णकालीन जागिर बनेको छ । यो अत्यन्तै राम्रो सेवकाइ हो र तपाईंका सन्देशले वास्तवमै आशिषित बनाएको छ, संसारभरि लाखौं मानिसहरूका जीवन बचाइरहेको छ । यसलाई निरन्तरता दिनुहोस् । तपाईंको सेवकाइका यी ५५ वर्षको समयमा तपाईंले गर्नुभएको मेहेनेतलाई प्रशंसा गर्न म थाक्दिनँ किनकि मैले तपाईंलाई विगत ५० वर्षदेखि चिनेको छु ।"***

***"हरेक बिहान तपाईंको यूट्यूब च्यानलमा तपाईंको सन्देश सुन्न सुरु गरेदेखि हामीले नियमित रूपमा हाम्रो मण्डलीमा सहभागी हुन थालेका छौं र हाम्रो प्रभु येशू खीष्टलाई आत्मा र सत्यतामा आराधना गर्न थालेका छौं । तपाईंको यूट्यूब सन्देशहरू सुनेपछि म आफ्नो व्यक्तिगत प्रार्थना र पारिवारिक प्रार्थना सुरु गर्छु, अरू केही सुरु गर्नुभन्दा अघि ।"***

हामीले व्यक्तिहरूबाट धेरै प्रतिक्रियाहरू प्राप्त गरेका छौं, जसले यस्तै प्रभाव अनुभव गर्नुभएको छ । त्यसकारण, हामीले यो यूट्यूब च्यानल सेवकाइ सुरु गरेका हौं । परमेश्वरको इच्छा पूरा भएको होस् भनेर कृपया प्रार्थना गरिदिनुहोला ।

हामी यी गवाहीहरूका निम्ति कृतज्ञ छौं र संसारभरि व्यक्तिहरूका जीवनमा हाम्रो सेवकाइले पारेको प्रभावमा आनन्द गर्छौं ।

तपाईंले पनि चाहना राख्नुहुन्छ भने कृपया ९१-९८४१० ७१८५८ मोवाइल नम्बर प्रयोग गर्दै हाम्रो **Echo of His Call** च्यानल सस्क्राइब गर्नुहोला ।

तपाईंले व्यक्तिगत रूपमा ह्वाटस्एप र मोवाइल नम्बर ९१-९८४१२ ७१८५८ मा पनि मलाई भेट्न सक्नुहुन्छ ।

कृपया यी दुई मोवाइल नम्बर तपाईंको मोवाइलमा सेभ गर्नुहोला किनकि हामी तपाईंसँग घनिष्ट संगति गर्ने चाहना राख्छौं । यो सेवकाइमा इमानदार रूपमा काम गर्ने हरेक जनाको निम्ति तपाईंको प्रार्थनाको लागि हामी आग्रह गर्दछौं ।

यसका अतिरिक्त, यो सेवकाइको सुधारको निम्ति र अगाडि बढ्न अझ उत्साहको निम्ति हामी तपाईंका सल्लाहहरू र सहायतालाई स्वागत गर्दछौं ।

हामीले विभिन्न आत्मिक लडाइँ सामना गरेका छौं र हामीसँगै काम गर्ने सहकर्मी परमेश्वरका सेवकहरूले आफ्ना शरीरमा विभिन्न कमजोरीको साथमा सताइएका छन् । तपाईंमाथि परमेश्वरको सुरक्षाको निम्ति हामी प्रार्थना गर्दछौं । परमेश्वरको अनुग्रह तपाईंसँग रहोस् । आमेन !

खीष्ट येशूमा तपाईंका सेवकहरू,

पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम

(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

प्रेरित १:८ ले भन्दछ, "तिमीले शक्ति (पवित्र आत्मा) प्राप्त गर्नेछौ, जसले उहाँको गवाही हुन, हरेक अवस्थामा तिम्रो विश्वास प्रदर्शन गर्न तिमीलाई बल दिनेछ।" हामीले येशूका चेलाहरूको जीवनलाई जाँच गर्छौं भने तिनीहरूले पवित्र आत्माको अनुभव पाउनुअघि र पछि महत्वपूर्ण भिन्नता हामीले अवलोकन गर्न सक्छौं। सानो मानिसहरूका बीचमा येशूलाई तीन पटक इन्कार गर्ने पत्रुस हजारौं मानिसहरूका बीचमा सुसमाचार निडरतापूर्वक प्रचार गर्न सक्षम थिए। तिनले यो साहस कहाँ प्राप्त गरे ? योचाहिँ तिनीभित्र काम गरिरहनुहुने पवित्र आत्माको शक्ति थियो।

**काम गर्ने विश्वास !**

प्रेरित ३ अध्यायले पवित्र आत्माको रूपान्तरण गर्ने शक्ति र तिनीहरूको विश्वास अभ्यास गरेर मात्रै सामान्य मानिस कसरी असामान्य मानिसमा परिणत हुन सक्छ भनेर प्रदर्शन गरेको छ। जब हामीले आफ्नो विश्वासलाई काममा राख्छौं भने के हुन्छ भन्ने कुराको उदाहरण यसले प्रदान गर्छ। यो विवरणले पवित्र आत्माको शक्ति प्राप्त गरेपछि चेलाहरूद्वारा गरिएको पहिलो आश्चर्यकर्मलाई बयान गरेको छ।

## प्रेरित ३ अध्याय: पत्रुस र यूहन्ना

**यो खण्डमा हामीले जाँच गरौं:**

पत्रुस, यूहन्ना र लङ्गडो मानिसको जीवनमा यो केवल अर्को सामान्य दिन हुनु पर्छ - हाम्रो बुझाइको उद्देश्यको निम्ति हामीले लङ्गडो मानिसलाई राजु भनेर उल्लेख गरौं।

यी तीनै जना मानिसहरूले आफ्नो दैनिकीलाई पछ्याएका होलान्, मन्दिर जान तयार हुँदै। पत्रुस र यूहनना परमप्रभुलाई आराधना गर्न निस्किए भने राजु आफ्नो आम्दानीको स्रोत खोज्न निस्कियो। त्यो दिन परमेश्वरले के योजना गर्नुभएको थियो भनेर तीमध्ये कसैलाई पनि थाहा थिएन। त्यो जीवन परिवर्तन हुने दिन हुन लागेको छ भनेर तिनीहरूले विचार गरेका थिए भनेर म सोच्दिनँ।

**कथाको पृष्ठभूमि:**

नियमित अभ्यासको रूपमा, पत्रुस र यूहन्ना परमेश्वरको मन्दिरमा गए। त्यही दिनमा तिनीहरूले राजुलाई मन्दिरको ढोकामा बसिरहेको पाए, जसलाई हरेक दिन मानिसहरूले बोकेर राखेका थिए ताकि उसले दान माग्न सकोस्। राजु जन्मैदेखि हिँड्न सक्दैनथ्यो र ऊ करिब ४० वर्षको थियो। यहूदी छिमेकमा ऊ पक्कै पनि प्रख्यात र चिनिएको मानिस थियो। सैयौं मानिसहरू यो मानिसलाई हेर्दै मन्दिरमा जाने र निस्कने गरेको हुनु पर्छ, हुन सक्छ केहीले उसलाई पैसा दिन्थे र केहीले उसलाई बेवास्ता गर्थे।

दुःखपूर्ण कुराचाहिँ यो मानिस मन्दिरको बाहिर बसेर आफ्नो जविनको चार दशक बिताएको थियो। तपाईंले उसलाई सोध्नुभयो भने उसले मन्दिरका सबै रितिरिवाज र चलनहरूका बारेमा बताउन, मण्डलीमा आउने सबै मानिसहरूको नाम र मानिसहरूको परिवारको विवरण बताउन सक्थ्यो। उसले मण्डलीका सबै अगुवाहरूलाई चिनेको हुनु पर्छ र मन्दिरमा गाएका सबै गीतहरू थाहा गरेको थियो किनकि उसले ४ दशकदेखि त्यो सुनिरहेको थियो। उसले धेरै प्रवचनहरू पनि सुनेको थियो तापनि, ऊ अझै पनि मण्डलीबाहिर बसिरहेको थियो। उसलाई मण्डलीभित्र लैजाने कोही पनि थिएन।

के यो परिचित लाग्यो ? हामीमध्ये धेरै जना यस्तै छौं। परमेश्वर को हुनुहुन्छ भनेर हामीलाई थाहा छ, उहाँको आश्चर्यकर्महरू, उहाँका अचम्मका शक्तिका बारेमा हामीले सुनेका छौं र हामीले धेरै सन्देशहरू सुनेका र धेरै गीतहरू गाएका सुनेका छौं। तर हामी अझै पनि उहाँको उपस्थितिको बाहिर बसिरहेका छौं, परमेश्वरसँग त्यो व्यक्तिगत जम्काभेट पाउन सकेको छैनौं। हामीमध्ये केहीले हाम्रो विगतको महिमाको बारेमा गाइरहेका छौं। हामी पनि पहिले त्यस्तै थियौं, हामी पनि पहिले त्यस्तै थियौं, तर अहिले कस्ता छौं ? ख्रीष्टसँग तपाईंको हिँडाइ कहाँ छ ? के तपाईं उहाँको उपस्थिति भित्र वा बाहिर हुनुहुन्छ ?

राजुलाई मन्दिरभित्र लैजाने कोही पनि थिएन। परमेश्वरको उपस्थितिबाट अत्यन्तै

*....Contd. to page 6*


**RESIDENTIAL BIBLE COURSE**
**NEHEMIAH BIBLE COLLEGE, Chennai.**

ECHO OF HIS CALL 1969-2023
REACHING NATIONS

**Medium : Hindi**

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ★ ECHO OF HIS CALL ★ Estd.: 1969

*Registered Candidate for Membership*
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

Diploma in Ministry : One year
Diploma in Theology : Two years
Bachelor of Theology : Three years

Qualification : 10th Standard & above
**Rush for admission!**
**Contact : The Chairman, Nehemiah Bible College.**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

**बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)**

**PRAISE & PRAYER POINTS - From 2023 October 19 To November 18**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

अक्टोवर १९: सन् १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति ।

अक्टोवर२०: हाम्रो पत्रिका सेवकाइबाट सुसमाचार नसुनेका जातिहरूमा सुसमाचार फैलाउनमा उहाँको आशिष्को निम्ति ।

अक्टोवर २१: ५५ वर्षमा प्रवेश गरेको अवसरमा वार्षिक सम्मेलन संचालन गर्न हामीलाई सहायता गर्नुभएको निम्ति ।

अक्टोवर २२: विगत महिनामा हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** क्रियाकलापहरूका निम्ति ।

अक्टोवर २३: हाम्रो छापाखानामा १६ वटा भाषाहरूमा हाम्रो पत्रिका छाप्न र प्रकाशन गर्न र ती मिसन क्षेत्रमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोवर २४: हाम्रो प्रार्थना साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँहरूका परिवारप्रति उहाँको कृपाको निम्ति ।

अक्टोवर २५: हाम्रो **बाइबल पत्राचार कोर्स** र **ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिको निम्ति ।

अक्टोवर २६: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

अक्टोवर २७: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइका** कर्मचारी र उहाँका परिवारको सुरक्षाको निम्ति ।

अक्टोवर २८: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार प्रचारमा सिनियर पास्टरको समर्पणताको निम्ति ।

अक्टोवर २९: हाम्रो देशको सुरक्षाको निम्ति ।

अक्टोवर ३०: अरू सेवकाइहरूलाई पनि सहायता गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोवर ३१: हाम्रा सहयोगीहरू र हाम्रो सेवकाइमा उहाँहरूको संलग्नताको निम्ति ।

नोभेम्बर १: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज** र **ईश्वरशास्त्रीय पत्राचार कोर्सका** सबै क्रियाकलापहरूका निम्ति ।

नोभेम्वर २: संसारभरि ख्रीष्टियान साहित्यहरू र बाइबलहरू छाप्नमा संलग्न भएका मानिसहरूका आवश्यकता पूरा गर्नुभएको निम्ति ।

नोभेम्वर ३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई ईश्वरीय सुरक्षा र असल स्वास्थ्यको साथमा आशिष् दिनुभएको निम्ति ।

## कृपया प्रार्थना गरौं...

नोभेम्वर ४: हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेजमा भएका विद्यार्थीहरूको अनुशासन र समर्पणताको निम्ति ।

नोभेम्वर ५: **बोलावटको प्रतिध्वनिका** विश्वासीहरूको हीत र उहाँका परिवारहरू, जो मुख्य मण्डली र त्यसका शाखा मण्डलीहरूमा हुनुहुन्छ ।

नोभेम्वर ६: लागुऔषधको दुर्व्यसनीबाट बालबालिका र युवाहरूको सुरक्षाको निम्ति ।

नोभेम्वर ७: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारको सुरक्षा र असल स्वास्थ्यको निम्ति ।

नोभेम्वर ८: हाम्रो संस्था, सबै कर्मचारी र उहाँका परिवारहरूको आशिष्को निम्ति ।

नोभेम्वर ९: हाम्रो सिनियर पास्टरको जीवनी लेखन र यो प्रयासमा परमेशवरको निरन्तर अगुवाइको निम्ति ।

नोभेम्वर १०: सबै देशहरूमा एकता र शान्तिको निम्ति ।

नोभेम्वर ११: संसारभरि मानिसहरूको सुरक्षा र हीतको निम्ति ।

नोभेम्वर १२: भारतमा सुसमाचार नसुनेका जातिहरूमा सुसमाचार पुऱ्याउन हामीलाई सक्षम बनाउनको निम्ति ।

नोभेम्वर १३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारको स्वास्थ्यको निम्ति ।

नोभेम्वर १४: संसारभरि बालबालिका बेचबिखन उन्मूलनको निम्ति ।

नोभेम्वर १५: सबै ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

नोभेम्वर १६: **बोलावटको प्रतिध्वनि सेवकाइमा** भएका कर्मचारीहरूको सुरक्षा र स्वास्थ्यको निम्ति ।

नोभेम्वर १७: ओमिक्रन र बिए.२.८६ जस्ता कोभिडको भेरियन्टको फैलावट रोकथामको निम्ति ।

नोभेम्वर १८: सबै ख्रीष्टियान सेवकाइहरूमा शक्तिशाली आश्चर्यकर्म, चमत्कार र चिन्हहरू भएका होऊन् ।

*पृष्ठ ४ बाट*

टाढा बसिरहेको कोहीमध्ये तपाईं पनि हुनुहुन्छ भने यो सन्देशले तपाईंलाई परमेश्वरको उपस्थितिभित्र नजिक ल्याएको होस् ।

त्यो दिन अचानक, जब राजुले पैसा मागिरहेको थियो, जुन उसले गर्ने गर्थ्यो, पत्रुसले आफ्नो आँखा तिनीमाथि केन्द्रित गरेर हेरे र भने, "हामीतिर हेर् ।" के कुराले पत्रुसले आफ्नो आँखा तिनीमाथि केन्द्रित गरे ? राजुले पत्रुस र यूहन्नाबाट सामान्य कुराभन्दा केही अलग कुरा मागेको जस्तो देखिँदैन । त्योचाहिँ त्यहाँबाट हिँड्ने हरेक जनाको लागि सामान्य बिन्ती थियो । तापनि, पत्रुसले राजुको पूरा ध्यान चाहन्थे किनभने तिनीहरू दुवैका जीवनमा केही महत्वपूर्ण काम हुन लागेको पत्रुसलाई थाहा थियो । तिनले आफ्नो विश्वासलाई काममा राख्न लागेका थिए । त्यसकारण, तिनले उसको पूर्ण ध्यानको माग गरे ।

जब पवित्र आत्मा आउनुभयो, उहाँले हाम्रो परमप्रभुको निम्ति असामान्य वा महान् कार्यहरू गर्ने शक्ति हामीलाई दिनुहुन्छ । तिनीहरूका विश्वासले काम गर्न सुरु गरेको थियो । त्योचाहिँ विश्वासको कार्य थियो । हाम्रो विश्वास असामान्य विश्वास बनेको परमेश्वरले आशा गरिरहनुहुन्छ ।

**१. असामान्य विश्वासको निम्ति असामान्य दर्शनको आवश्यकता हुन्छ- देखिएको कुनै पनि कुराभन्दा अझ टाढाको कुरा हेर्नको निम्ति ।**

पत्रुसले राजुको शारीरिक अवस्थाभन्दा टाढा देखेका थिए । उनी शारीरिक रूपमा समस्यामा परेका मानिस थिए, भिखारी, कुनै आर्थिक स्तर नभएको र आफ्नो दैनिक जिम्मेवारीहरूका निम्ति कोहीमाथि भर पर्नुपर्थ्यो । पत्रुसले उसलाई केही सिक्काहरू दिन सक्थे र परमप्रभुको आराधना गर्न जान सक्थे तर तिनले त्यहाँ रहने र यो मानिससँग केही समय बिताउने निर्णय गरे । पत्रुस मन्दिरमा जान हतारोमा हुन सक्थे तर तिनले यो मानिसको निम्ति समय दिए । के हाम्रो वरिपरि भएका मानिसहरूका निम्ति के हामीसँग समय छ वा के हामी आफ्नै काम गर्न यताउता दौडन अत्यन्तै व्यस्त छौं ? हामीमध्ये केही हाम्रो व्यक्तिगत, पेशागत र आत्मिक जीवनमा यति धेरै केन्द्रित हुन्छौं कि हाम्रा वरिपरि भएका अन्यका आवश्यकताहरू हेर्न हामी असफल हुन्छौं ।

हामी यहाँ देख्छौं कि पत्रुस रोकिए ! केवल एक जना मानिसको निम्ति मन्दिरमा प्रवेश गर्नबाट । मेरो विचारमा तिनले यो कुरा आफ्नो स्वामीबाट सिकेको हुनुपर्छ - एक जना मानिसको निम्ति रोकिने !

येशू अञ्जीरको रूखमा बसिरहेको एक जना मानिसको निम्ति रोकिनुभयो । येशू एक जना महिलाको निम्ति खडा हुनुभयो, जो १२ वर्षदेखि रगत बग्ने रोगबाट ग्रसित थिइन् । उहाँ इनारमा एक जना स्त्रीलाई भेट्न पनि जानुभयो । उहाँले डेकापोलिस नजिकै भएको मानसिक रूपमा बिरामी भएको एक जना मानिसलाई भेट्न ठूलो आँधीलाई पार गर्नुभयो । त्यसैले पत्रुसलाई एक जना मानिसको महत्वको बारेमा थाहा भएको हुनु पर्छ ! हामीले आफैंलाई विचार गरौं । अघिल्लो कुन समयमा हामीले कसैलाई प्रेम, स्याहार वा ध्यान दिन कसैको निम्ति रोकिएका थियौं ?

पत्रुसले यो मानिसको शारीरिक आवश्यकताभन्दा पर देख्न सकेका थिए, उसको आत्मिक छुटकाराको निम्ति भएको आवश्यकता । तिनले भने, "हामीतिर हेर्..." उसले एक टक लगाएर तिनलाई हेरे... के हामी मानिसको शारीरिक अवस्थाभन्दा पर हेर्न सक्षम छौं ? धेरै पटक हामीले तुरुन्तै निर्णय दिन्छौं । कसलाई येशूको आवश्यकता छ र कसलाई छैन भनेर हामीले निर्णय गर्छौं । "उसले सुन्ने छैन" वा "ऊसँग को बोल्नेछ" भन्ने जस्ता वाक्यहरू हामीले प्रायः सुन्छौं, हाम्रो गवाही बाँड्न छनोट गर्दा पनि हामीले छान्ने काम गर्छौं । व्यक्तिलाई येशूको आवश्यकता छ वा छैन भनेर बाहिरी आवरणको आधारमा हामीले निर्णय गर्छौं ।

हामी आफ्नो असामान्य विश्वास अभ्यास गर्न चाहन्छौं भने हामीले असामान्य दर्शनको साथमा हेर्न सुरु गर्नु आवश्यक छ - हाम्रो नाङ्गो आँखाले देख्न सक्नेभन्दा पर ।

न राजुले आश्चर्यकर्मको आशा गरिरहेका थिए नता पत्रुसले चङ्गाइको सेवाको योजना गरिरहेका थिए, जब तिनीहरूले आफ्ना असामान्य विश्वास अभ्यास गर्ने चाहना

*....Contd. to page 8*


NEHEMIAH BIBLE
EVENING COLLEGE

Chepauk & Santhoshapuram, Chennai.

Medium :Tamil

Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 54 years

Diploma in Ministry : One year
Diploma in Theology : Two years
Bachelor of Theology : Three years

Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

# PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEAD QUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
4. Nehemiah Bible Colleges (Three Centres) (Evening / Residential)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 8.00 a.m. & 10.00 a.m. Sunday**
14. **Hindi Service : 4.00 p.m. Sunday**
15. **Telugu Service : 5.00 p.m. Sunday**
16. **English & Tamil Service : 6.00 p.m. Sunday**
17. Women's Prayer : 5.30 p.m. Wednesday
18. Men's Prayer : 7.00 p.m. Friday
19. Discipleship Meeting : 6.00 p.m. Saturday
20. House Meetings : 6.30 p.m. Tuesday & Thursday
21. Special Holy Communion : 6.00 a.m. 1st day of each month
22. Ministers Review Meeting : 5.30 p.m. First Saturday
23. Parents' Prayer : 4.00 p.m. First Sunday
24. Night Prayer : 9.30 p.m. Second Friday
25. Fasting Prayer : 9:30 a.m. Third Saturday
26. Holy Communion : Second Sunday Services
27. Youth / Kid Prayer : 10.00 p.m. daily
28. Staff Devotion : 9.00 a.m. daily
29. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझ्नोस्" (मत्ती २४:१५)।

### आफ्ना प्रतिज्ञाहरू कायम राख्ने परमप्रभु

सन् १९६९ मा परमप्रभुको महिमित सेवकाइमा परमप्रभुले मलाई बोलाउनुभयो। सन् १९७१ मा फेरि एक पटक यर्मिया ५१:२०-२३ मा पाइने उहाँको प्रतिज्ञाको साथमा मलाई उत्साहित बनाउनुभयो।

**"तँ मेरो युद्धको गदा, लडाइँको हतियार होस्। तँद्वारा म जातिहरूलाई टुक्रा-टुक्रा पार्छु, तँद्वारै म राज्यहरूलाई नाश गर्छु।**
**तँद्वारा म घोडा र त्यसको सवारलाई टुक्रा-टुक्रा पार्छु।**
**तँद्वारा म रथ र सारथिलाई टुक्रा-टुक्रा पार्छु। तँद्वारा म पुरुष र स्त्रीलाई टुक्रा-टुक्रा पार्छु। तँद्वारा म युवक र युवतीलाई टुक्रा-टुक्रा पार्छु।**
**तँद्वारा म गोठाला र त्यसको बगाललाई टुक्रा-टुक्रा पार्छु। तँद्वारा म किसान र त्यसको गोरुलाई टुक्रा-टुक्रा पार्छु। तँद्वारा म राज्यपाल र पदाधिकारीहरूलाई टुक्रा-टुक्रा पार्छु।"**

यी प्रतिज्ञाहरू मेरो सेवकाइमा पूरा भएका छन् किनकि **बोलावटको प्रतिध्वनिले** यी सबै क्षेत्रहरू समेटेको छ, हरेकले वर्तमानमा अलग सेवकाइको रूपमा काम गरिरहेको छ। हाम्रो परमप्रभु आफ्नो प्रतिज्ञाहरूमा विश्वासयोग्य हुनुहुन्छ।

यो पदको पूर्णतामा गवाही बनौं, **"तँ मेरो युद्धको गदा, लडाइँको हतियार होस्... म राज्यपाल र पदाधिकारीहरूलाई टुक्रा-टुक्रा पार्छु"** (पद २० र २३)।

जब सन् १९७८ र १९८० को बीचमा म सरकारी सेवामा थिएँ, चेन्नाइ समुद्री किनार नजिक भएको सरकारी अफिसरहरूका निम्ति बनाइएका क्वाटरमा म बस्ने गर्थें। त्यो समयमा मैले सरकारी अफिसरहरू बसोबास गर्ने क्षेत्रमा सुसमाचार प्रचार गर्न माथिल्लो ठूलो हल भाडामा लिएको थिएँ। परमेश्वरले धेरै उच्च अधिकारीहरूलाई छुनुभयो र तिनीहरूका आत्मा र शरीरको निम्ति आशिष् प्राप्त गरे।

**"तेरो विरुद्धमा बनाइएका जुनसुकै हतियारले पनि तँलाई जित्न सक्नेछैन..."** (यशैया ५४:१७)।

जब मसँग अवसर हुन्थ्यो, मैले खुल्ला बैठकहरू आयोजना पनि गरें। तापनि मलाई मन नपराउने मानिसहरू त्यहाँ थिए र मेरो कामलाई बिगार्न अरूलाई उक्साउँथे। तिनीहरू टाढै उभिन्थे र मलाई तर्साउन कराउँथे। कहिलेकाहीँ, मेरो बैठकहरूका निम्ति मानिसहरू भेला हुँदै गर्दा मलाई घेर्ने पनि गर्थे। तिनीहरू आफ्नो हातमा हतियार देखाउँदै दुई चक्केमा आउँथे। मैले भौतिक आक्रमणको पनि अनुभव गरें, जसले मलाई अतयन्तै तर्साएको थियो। त्यसका अतिरिक्त, मलाई हल भाडामा दिने व्यक्तिकहाँ पनि तिनीहरू पुगे र मलाई त्यो फेरि भाडामा नदिन सम्झाए।

यी सबै चुनौतिहरू भए पनि परमप्रभुले मलाई कहिल्यै त्याग्नुभएन। उहाँले मेरो पदलाई उचाल्न सुरु गर्नुभयो र उहाँको शक्तिशाली हात सधैं ममाथि थियो। मेरो विरुद्धमा काम गर्नेहरूका निम्ति क्षमा र तिनीहरूको मुक्तिको लागि मैले परमेश्वरमा प्रार्थना गरें। तापनि, तीमध्ये धेरैलाई मैले भेट्न सकेको छैनँ। तापनि मैले तीमध्ये केहीसँग सामना गरेको थिएँ र परमप्रभुले वास्तवमा तिनीहरूसँग भेट गर्नुभएको थियो र तिनीहरूलाई मुक्ति दिनुभएको थियो भन्ने कुरा सत्य हो।

भजनसंग्रहका लेखकले भनेका छन्, **"परमप्रभुलाई पारख गरेर हेर कि उहाँ कति भला हुनुहुन्छ। उहाँमा शरण लिने मानिस धन्यको हो"** (भजनसंग्रह ३४:८)।

---

....Contd. from page 6

गरिरहेका थिए, यस्तो भएको थियो। के तपाईं आफ्नो असामान्य विश्वास अभ्यास गर्न इच्छुक हुनुहुन्छ र विश्वासलाई काम गर्न दिनुहुन्छ?

गहन कुरा हेर्न "हाम्रा आँखा स्थिर गरौं।" अघिल्लो पटक कहिले तपाईंले वरपर भएका मानिसहरूलाई "गहन रूपमा" हेर्नुभएको थियो - तपाईंका मण्डलीका सदस्यहरू, उनीहरू को हुन्, कहाँबाट आएका हुन् र तिनीहरू कस्ता देखिन्छन् भन्दा पर? गहन रूपमा हेर्न केही समय लिनुहोस्!

बारनाबासले शाऊल र यूहन्ना भनिने मर्कूसमा केही गहन र विशेष देखेका थिए। मानिसहरूका बाहिरी आवरणभन्दा पर र तिनीहरूका आत्मिक आवश्यकतामा गहन रूपमा हेर्न परमेश्वरले हामीलाई दर्शन दिनुभएको होस्।

### २. असामान्य विश्वासले असामान्य साहस उत्पन्न गर्छ!

हामीमध्ये धेरैले आफ्नो आरामदायी क्षेत्रभित्र रहँदै सुरक्षित खेल्न चाहन्छौं र हाम्रा दैनिकीमा रहन्छौं। विशेष गरी जब हामी वयस्क हुन्छौं, हामीमध्ये केही कम साहसिक थोक मन पराउने हुन्छौं र म आफैं पनि यही वर्गमा पर्छौं। म विभिन्न प्रकारका अचम्मका र साहसी क्रियाकलापहरूमा संलग्न हुने गर्थें, जस्तैः डरलाग्दो यात्रा र रोलर कोस्टर, आशा नगरिएका डरलाग्दा आनन्द। तापनि जब समय बित्दै गयो, मेरो धारणा परिवर्तन भयो। मैले किन अनावश्यक जोखिमहरू लिनुपर्छ र केही गलत भयो भने के हुन्थ्यो भनेर मैले प्रश्न सोध्न थालें। मजस्तै, हामीमध्ये धेरैले सुरक्षित स्थानमा बस्ने चाहना गर्छौं।

पत्रुसले यो मानिसलाई केवल बेवास्ता गर्न सक्थे वा हामीमध्ये धेरै जनाले गरेजस्तै यूहन्नासँग व्यस्त भएर कुरा गर्दै निस्कन सक्थे, विशेष गरी जब हामीले परिवर्तन चाहँदैनौं। तर तिनले निडर कदम चाले र भने, "सुनचाँदी मसित छैन तर मसँग जे छ, म तँलाई दिनेछु।"

यो केवल साहसको कार्य मात्रै थिएन तर त्यो असामान्य थियो । पत्रुसले यो मानिमिा आफ्नो विश्वास बताइरहेका थिए। यही क्षण प्रेरित १४:८-१९ मा पनि उस्तै छ, जहाँ पावलले लङ्गडो मानिसलाई चङ्गाइ गर्छन्। तापनि, भिन्नताचाहिँ पावलले त्यो मानिसलाई पार्दा "चङ्गाइको लागि विश्वास" थियो भने पत्रुसले विश्वासको निम्ति चङ्गाइ गरे भनेर बाइबलमा उल्लेख गरिएको छैन । तापनि, पत्रुस र यूहननाले यो मानिसको जीवनमा आफ्नो विश्वास साहसपूर्वक प्रदर्शन गरे ।

परमेश्वरले हामीलाई हाम्रा वरिपरि भएका मानिसहरूको जीवनमा विश्वास प्रदर्शन गर्न बोलाउनुभएको छ। के हामीले विश्वास प्रदर्शन गरिरहेका छौं ? धेरै पटक, हामी अरूसँग विश्वास बाँड्न खुसी हुन्छौं, जोसँग पहिले नै विश्वास छ तर अन्य विश्वासमा भएकाहरूसँग वा विश्वास नभएका मानिसहरूका बीचमा हाम्रो विश्वास प्रदर्शन गर्ने समय आउँदा हामी हिचकिचाउँछौं ।

प्रिय मित्रहरू, हाम्रा वरिपरि भएका मानिसहरूका जीवनमा हाम्रो विश्वास प्रदर्शन गर्ने समय अहिले नै हो । कसैको जीवनमा विश्वास रोप्नमा हाम्रो समयलाई लगानी गरौं।

आफ्नो नहल्लिने विश्वास अभयास गर्न पत्रुससँग साहस थियो । यो मानिस निको भएन भने के हुन्छ भनेर तिनले एक क्षण पनि शंका गरेनन् । पत्रुसले आत्मविश्वासको साथमा भने, "उठ् र हिँड् ।" यो मानिसले पत्रुसबाट आएको यो आज्ञालाई स्पष्ट रूपमा बुझ्न सकेन । अर्को पदले भन्दछ, पत्रुसले उसको हात समातेर उठाए र उसलाई खडा हुन सहायता गरे। ठीक त्यही समयमा त्यो मानिसले आफू खडा हुन सक्छु र हिँड्न सक्छु भनेर थाहा गरेको थियो ।

पावलले भने, "उठ् र हिँड् ।"

आज, मानिसहरूलाई उचाल्न, तिनीहरूको दाहिने हात समात्न हामीलाई पर्खिरहेका छन्। तिनीहरू परमेश्वरको उपस्थितिमा आउन अत्यन्तै नजिक छन् तर अझै पनि ढोकाबाहिर पर्खिरहेका छन् । यसको निम्ति असामान्य साहस आवश्यक हुन्छ ।

पत्रुस र यूहन्ना राजुबाट रोकिएका थिएनन् तर उसलाई त्यस्तो व्यक्तिको रूपमा देखे, जसले परमेश्वरको शक्ति प्रदर्शन गर्दै सुसमाचार प्रचार गर्न सक्षम बनेको थियो ।

आफ्नो विश्वासको हिँडाइमा आफैंलाई अलग नगर्नं ख्रीष्टियानहरूका निम्ति महत्वपूर्ण



***Healing in the name of Jesus Christ!***

छ। परमेश्वरसँग शान्त समय बिताउनु असल कुरा भए पनि अरूमाथि समय, प्रयास र स्रोतहरू लगाउन गर्नु पनि समान रूपमा महत्वपूर्ण छ । तपाईंको वरिपरि भएका र तपाईंका मार्गमा आएका मानिसहरूको जीवनमा असामान्य साहसको साथमा जीवन बोल्नुहोस् । यसलाई सुरक्षित नखेल्नुहोस् !

## ३. असामान्य विश्वासले असामान्य चुनौतीहरू ल्याउँछ !

जब हाम्रो विश्वास नहल्लिने हुन्छ, यसले असामान्य विश्वासतिर लैजान्छ, जसले अन्त्यमा असामान्य चुनौतीहरू ल्याउँछ । ख्रीष्टियान मार्ग असंख्य चुनौतीहरूले ढाकिएको छ र बाइबलमा कहीं पनि त्यो गुलाफको फूलको ओछ्यान हुनेछ भनेर दाबी गरिएको छैन । हामीले आफैंलाई इन्कार गर्नुपर्छ र हाम्रो क्रूस बोक्नुपर्छ ।

जीवन परिवर्तन हुने आश्चर्यकर्मको अनुभवपछि पत्रुस र यूहन्नाले आनन्द मनाएका वा सम्मान गरिएको थिएन तर त्यसको साटो झ्यालखानामा राखिएको थियो । मेरा प्रिय मित्रहरू, हाम्रो जीवनको निम्ति परमेश्वरले चाहनुभएको उद्देश्य पूरा गर्नबाट शैतानले हामीलाई बाधा दिन हरेक सम्भावित अवरोध ल्याउनेछ । तापनि, कुनै पनि मानिस वा नरकको शक्तिले हाम्रो निम्ति परमेश्वरको ईश्वरीय योजनालाई रोक्न सक्दैन ।

पत्रुस र यूहन्नालाई झ्यालखानामा राखिएको थियो, गम्भीर रूपमा तर्साइएको थियो र नबोल्नू भन्ने आज्ञा दिइएको थियो तर केही कुराले पनि तिनीहरूलाई रोक्न सकेन ।

मेरा प्रिय मित्रहरू, असामान्य समयले असामान्य तरिकाहरूलाई बोलाउँछ । जब हामीले हाम्रो विश्वासको अभ्यास गर्छौं र कार्यमा त्यसलाई राख्छौं, हामीले धेरै समस्याहरू र चुनौतीहरू सामना गर्न सक्छौं तर हामीले आफ्नो विश्वास कायम राख्नुपर्छ। हाम्रो इनाम स्वर्गमा छ, तयसैले हामी आफ्नो बोलावटमा विश्वासयोग्य रहनुपर्छ । हामीले पछाडि फर्कनुहुँदैन वा कदम पछि सार्नुहुँदैन तर निरन्तर अघि बढिरहनुपर्छ ।

प्रेरित १४:२२ ले हामीलाई सम्झना दिलाउँछ कि **स्वर्गको राज्यमा प्रवेश गर्नुअघि हामीले महासंकष्ट सामना गर्नेछौं र ती समयहरूका अवधिमा हामीले आफ्ना आत्मालाई बलियो पार्नु र निरन्तर विश्वासमा रहनु जरुरी हुन्छ ।**

भजनसंग्रह ३४:१९ मा लेखिएको छ, **"धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन् तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ ।"**

परमेश्वरलाई मन पर्ने जीवन जिउनाले हामीलाई कष्टबाट अलग राख्दैन। इतिहासभरि नै विश्वासमा पुरुष र स्त्रीहरूले परीक्षाहरू र समस्याहरूको अनुभव गरेका थिए। ख्रीष्टियान र गैह्रख्रीष्टियान, मण्डली जाने र मण्डली नजाने दुवैका निम्ति समस्याहरू जीवनका भाग हुन् । तर यसको अर्थ यो होइन कि तपाईं खराब वा दुष्ट मानिस हुनुहुन्न। तापनि, भिन्नता यो तथ्यमा रहेको छ कि जब परमेश्वरको सन्तानले परीक्षाको अनुभव गर्दछ, परमेश्वरलाई यो कुरा थाहा छ र हामी उहाँका हातमा सुरक्षित छौं भन्ने कुरामा हामी सुनिश्चित हुन सक्छौं ।

हाम्रो अवस्था जस्तोसुकै निरासाजनक देखिए पनि तपाईं एक्लो हुनुहुन्न। परमेश्वरले तपाईंको वास्ता गर्नुहुन्छ र तपाईंको संघर्षको बीचमा पनि तपाईंसँग हुनुहुन्छ। आजै तपाईंको असामान्य विश्वासको अभ्यास गर्नुहोस् ।

*******


## NEED LIBRARY BOOKS

We need Tamil, English and Hindi books for our Libraries at **St. Paul's Matriculation School and Nehemiah Bible Colleges.** If you have new or old books in good condition and if you are willing to donate, kindly communicate with us.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

# URGENT

We need about 1000 Hindi Christian Books for our Nehemiah Bible Colleges. Please inform us the possibility of procuring the theological Hindi books.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th OCTOBER 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**